


**Population:**
4,090 (2000)
5,040 (2010)
6,200 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** none known

## संक्षेप:

**अन्य नामहरू:** Gyarong, Gyarung, Rgyarong, Chiarong, Jarong, Chiajung, Shangzhai

**जनसंख्या:**
चीन : ५,३००
(Joshua Project)

**उपभाषाहरू:** ३ (Dayili, Zongke, Puxi)

**तिब्बती बुद्ध धर्म:** ९०%

**इसाई धर्म:** ०%

**बाइबल:** छैन

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** छैन

**ख्रीष्टिय प्रसारण:** छैन




चीनको उत्तर-पश्चिमी शिचुआन प्रान्तमा करिब ५,३०० जना शङ्चै च्यारोङ् भाषा बोल्ने मानिसहरू बसोबास गर्छन्। शङ्चै च्यारोङ् जातिका मानिसहरू अहिले बसोबास गर्ने भागहरू पहिलेको समयहरूमा तिब्बत राज्यभित्र पर्थ्यो, तर चीनले त्यसलाई शिचुआन प्रान्तमा गाभ्यो। शङ्चै च्यारोङ् जातिका मानिसहरू तुचु र चोङ्ख नदीहरू जोड्ने ठाउँमा, चम्थाङ् जिल्लामा भएको शिली, शोङ्ख र पूशी सहरको वरिपरि छन्।

च्यारोङ् जातिका मानिसहरूको पाँच वटा भिन्नै भाषाहरूमध्ये शङ्चै भाषा पनि एक हो। तिब्बतीय भाषाभन्दा भिन्नै भाषा यिनीहरूले बोले तापनि चीनको अधिकारीहरूले यिनीहरूलाई तिब्बतीहरूको सूचीमा राखेका छन्।

'जातीय ढोका' भनी चिनिने शिचुआन प्रान्तको यो ठाउँमा बसोबास गर्ने विभिन्न जातिहरूमध्ये शङ्चै च्यारोङ् पनि एक हो। यो ठाउँमा धेरै वटा स्थानीय शासनहरू विभिन्न समयमा फरक-फरक शक्तिसँग स्थापित भएर बढेका थिए। यो ठाउँ भाषा र इतिहास बारे अनुसन्धान गर्नेहरूको लागि असल र उपयुक्त ठाउँ हो।

तिब्बतीय बुद्ध धर्म र आत्माहरूलाई शान्त पार्ने कामहरूले यिनीहरूको जीवनलाई शासन गरिरहेका छन् । शङ्चैहरू




बस्ने यो ठाउँ इतिहासको लामो समयहरूदेखि नै इसाईत्त्वको उपस्थिति बन्द गरिएको अवस्थामा छ। कानुनरहितको डाँकुहरू, ७,००० मिटरसम्म (२३,००० फिट) उचाइ भएको पहाडहरू, सडकहरूको अभाव, र तिब्बतीय बुद्ध धर्मको शक्तिशाली प्रभाव यी सबै कुराहरूले नै शङ्चै च्यारोङ् जातिका मानिसहरूलाई सुसमाचार सुन्न पाउने मौकाबाट वञ्चित गराइरहेका छन्।